# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## बालुवाटार, काठमाण्डौंको

**Heavy Duty Photocopy Machine आपूर्ति गर्ने सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०७३/१२/१३ )**

दरभाउपत्र नं : “GSD/AU/SQ/09/73/74 ”

यस बैंकको प्रयोगको लागि ४ थान Heavy Duty Photocopy Machine दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले ईच्छुक रजिष्टर्ड फर्म, संस्था वा कम्पनीबाट यो सूचना गोरखापत्रमा प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन (मिति २०७३/१२/२७ गते (दिनको ४.०० बजे) सम्म दरभाउपत्र फाराम रु.५००।- (अक्षरेपी पाँच सय मात्र पछि फिर्ता नहुने) तिरी सामान्य सेवा विभागको आन्तरिक प्रशासन फाँटबाट खरिद गर्न सकिनेछ । दरभाउपत्र मिति २०७३/१२/२८ गते ( सो दिन सार्वजनिक विदा परेमा तत्पश्चात् कार्यालय खुलेको पहिलो दिन) दिनको १२.०० बजे भित्र सामान्य सेवा विभाग बालुवाटार, काठमाडौंमा आईपुग्ने गरी पेश गर्न सकिनेछ । दरभाउपत्र सोही दिन अपरान्ह १.०० वजे खोलिनेछ ।

दरभाउपत्रदाताले दरभाउपत्र जमानत बापत रु.२७,०००।०० (अक्षरेपी सत्ताइस हजार मात्र) यस बैंकको बैकिङ्ग कार्यालय थापाथली स्थित खाता नं ११०९९०१/०११.०००.५२४ मा नगदै जम्मा गरेको सक्कल भौचर (भौचरको पछाडिपट्टी अनिवार्य रुपमा फर्म, संस्था वा कम्पनीको नाम खुलाई दस्तखत र छाप लगाउनु पर्नेछ) वा दरभाउपत्र पेश गर्ने अन्तिम मितिले ७५ दिन मान्य अवधि भएको यस बैंकबाट ईजाजतपत्रप्राप्त बैंक/वित्तीय संस्थाबाट यस बैंकको पक्षमा जारी गरिएको बैंक जमानतपत्र संलग्न गर्नु पर्नेछ । दरभाउपत्र सम्बन्धी सम्पूर्ण शर्त तथा विवरणहरु दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् । साथै, यो सूचना यस बैंकको वेवसाइट www.nrb.org.np मा समेत हेर्न सकिने छ । दरभाउपत्र सम्वन्धी अन्य कुनै कुरा बुझ्नु परेमा यस बैंकको सामान्य सेवा विभाग, बालुवाटार, काठमाडौंमा सम्पर्क राख्न सकिनेछ ।

सामान्य सेवा विभाग
बालुवाटार